# नवदुर्गा गाउँपालिका

# गाउँसभाको सोह्रौ अधिवेशनमा

## प्रस्तुत बजेट तथा कार्यक्रम

२०८१/०८२

नवदुर्गा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मणिलेक, डडेल्धुरा

मिति २०८१ असार १० गते सोमबार

## नवदुर्गा गाउँपालिका गाउँसभाको सोह्रौ अधिवेशनमा गाउँपालिकाका उपाध्यक्ष निर्मला कुमारी बोगटी बिष्ट ज्यूबाट प्रस्तुत बजेट तथा कार्यक्रम २०८१

**सभाध्यक्ष महोदय,**

**गाउसभाका सदस्य ज्युहरु ,**

राष्ट्रहित,लोकतन्त्र र अग्रगामि परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन,
सशस्त्र संघर्ष,त्याग र बलिदानको गौरवमय इतिहासले बहुलबादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय
लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली स्थापनाका निम्ति आफनो ज्यान बलिदानी गर्नु हुने ज्ञात अज्ञात
महान शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दै घाईते, अपांगता भएका सम्पूर्ण योद्धाहरु, टुहुरा परिवारजन बेपत्ता
र तिनका परिवारजनहरुको शिघ्र स्वास्थ्यलाभ सहित उपचारको उचित प्रवन्धको कामना एवम राष्ट्र निर्माणमा महत्वपुर्ण
योगदान पुर्याउनु हुने राष्ट्रिय सपुतहरु लाई पुनः स्मरण गर्न चाहन्छु ।

नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानलाई अक्षुण्ण राखी
जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै संघीय लोकतान्त्रिक
गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दीगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधान
सभाबाट पारित नेपालको संविधान २०७२ को कार्यान्वयन स्वरुप स्थानीय तहको दोस्रो सरकार गठन भएको पनि दुई
वर्ष व्यतित भएको छ र हाम्रा निति तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने क्रममा सिकाईहरुपनि भएका छन ।

जनताका तमाम अपेक्षाका विच बाट सिमित श्रोत साधनमा असीमित आवश्यकताको परिपुर्ति गर्दै जनताका जन चाहना
अनुसार श्रोत साधनको तादम्यता कायम गर्नु पर्ने चुनौती हामी समक्ष विद्यमान छ भने सँगै संघीय सरकार तथा प्रदेश
सरकारहरुले उपलब्ध गराउने अनुदानमा भर पर्नु पर्ने, आन्तरिक आय न्युन हुने, माथिल्ला सरकारहरुले अनुदानहरु
समपरि तवरले कटौति गरेर उपलब्ध गराउने जस्ता तमाम चुनौतीहरुको सामना गर्नु परिरहेको छं। परन्तु, उपलब्ध सीमित
स्रोत र असीमित जनचाहानाका बीचबाट आदर्श अभ्यास मार्फत जनताको सर्वोपरी हीत गर्नु हाम्रो एक मात्र अभिन्न
लक्ष्य रहेको छ ।

नेपालको संविधानको भाग १७ (स्थानीय कार्यपालिका) अन्तर्गत धारा २१४ को स्थानीय तहको कार्यकारिणी अधिकार
तथा भाग १९ (स्थानीय आर्थिक कार्यप्रणाली) अन्तर्गत धारा २३० को गाउँपालिकाको राजश्व र व्ययको अनुमान
सम्बन्धी व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम आर्थिक वर्ष २०८१/०८२ को
नवदुर्गा गाउँपालिकाको बजेट तथा कार्यक्रम आज यस गरिमामय गाउँसभा समक्ष पेश गरेको छु। यस सुखद पृष्ठभूमिमा
यस समयमा आर्थिक वर्ष २०८१।०८२ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न आज सम्बोधन गर्न पाउदा अत्यन्त
गौरवान्वित महसुस गरेको छु।

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक,राज्यका निर्देशक सिद्धान्त,नीति र दायित्व,सोह्रौ योजनाको प्राथमिकता,नवदुर्गा सरकारको नीति तथा कार्यक्रम र बजेटका सिद्धान्तका प्राथमिकता उपर सभा सदश्य ज्यूहरुबाट प्राप्त सुझाव र दिगो विकास लक्ष्यहरुलाई बजेट तर्जुमाको मार्गदर्शनको रुपमा लिएको छु ।
समानुपातिक,समावेशी र सहभागितामुलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संवैधानिक संकल्प पूरा गरि निरपेक्ष गरिबिको मारमा परेका वर्ग,क्षेत्र,लिंग र समुदाय सहितका आम नवदुर्गाबासि जनताको विकासको चाहनालाई सम्बोधन गरी आर्थिक सर्मद्धि,समानता र सामाजिक न्याय सुनिश्चित गर्ने कार्यलाई बजेटमा प्राथमिकता राखेको छु ।

**सभाध्यक्ष ज्यू**

**गाउसभाका सदस्य ज्युहरु ,**

अब म चालु आर्थिक वर्षको आर्थिक गतिविधि तथा बजेट कार्यान्वयनको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।
चालु आर्थिक बर्ष २०८०।०८१ को लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजनाहरु कार्यान्वयनको अन्तिम चरणमा पुगेका छौं ।
चालु आर्थिक वर्षको एघार महिनासम्म कुल बजेटको ५८ प्रतिशत खर्च भएको छ । जसमा चालु तर्फ ६६.१९ प्रतिशत र पूँजिगत तर्फ ४७.८२ प्रतिशत खर्च भएको छ ।
उच्च मूल्य वृद्धि र देशमा देखिएको आर्थिक मन्दि, संघीय सरकारको बजेट कटौती गर्ने निर्णय जस्ता विविध अवरोधका कारण चालु आवमा विभिन्न आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न चुनौति देखिएको छ ।
चालु आवमा आन्तरिक राजश्व र बाडफाडबाट प्राप्त राजश्व तर्फ वार्षिक अनुमानित आय भन्दा करिब रु तिन करोड कम आम्दानी हुने देखिन्छ । घाटा बजेट तर्जुमा गर्दा अपेक्षित आय र व्ययको लक्ष्य हासिल गर्न चुनौतिपूर्ण रहेको छ ।
आर्थिक वर्ष अन्त्य सम्ममा कुल खर्च ७४ प्रतिशत हुने अनुमान गरेको छु ।
यस अवधीमा रडुवा फिन्देउ सडक, खसरेखान शेरी सडक, गिल्ला मम्मे वर्थिङ्ग सेन्टर, दोगाड गाउँपालिका सडक, वडा नं. ४ को वडा कार्यालय भवन, मष्ठा बैजनाथ आ.वि., नवदुर्गा मा.वि. भुवनेश्वरी मा.वि. का विद्यालय भवनहरु लगायतका ठुला आयोजनाहरु सम्पन्न भएका छन ।

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

**सभाध्यक्ष ज्यू**

**गाउसभाका सदस्य ज्युहरु ,**

अव म आगामि आर्थिक वर्ष २०८१।०८२ को बजेट तथा कार्यक्रमको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**बजेट तथा कार्यक्रमको उद्देश्यहरु**

१. उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नु ।

२. अल्पकालिन,मध्यकालिन तथा दिर्घकालिन रोजगारी मार्फत गरिबी निवारण गर्नु ।

३. वितिय जोखिमहरु न्यूनिकरण गर्दै संस्थागत सुशासन कायम गर्नु ।

४. जनताका आधारभुत आवश्यकता परिपूर्ति गर्दै गुणस्तरीय शिक्षा र स्वास्थ्यको सुनिश्चितता गर्नु ।

५. संविधानमा व्यवस्था भएका मौलिक हक र राज्यका नीतिहरुको क्रमश कार्यान्वयनका लागि संघीय र प्रदेश सरकारसँग समन्वय गर्नु ।

६. उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गरि छिटो प्रतिफल दिने योजना निर्माण गर्नु ।

७. प्राकृतिक स्रोत साधन,पुरातात्विक सम्पदा र मौलिक पहिचानको सरक्षण गर्नु ।

**बजेट तथा कार्यक्रमको प्राथमिकताहरु**

१. पूर्वाधार विकास तथा निर्माण

२. गुणस्तरीय शिक्षा,स्वास्थ्य

३. कृषि क्षेत्रको रुपान्तरण, उत्पादन उत्पादकत्व,रोजगारि सिर्जना,गरिबी निवारण

४. स्थानीय आर्थिक विकास

५. प्रभावकारी सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन,सदाचार

६. वातावरण संरक्षण,विपद व्यवस्थापन

उल्लेखित उद्देश्य तथा प्राथमिकता हासिल गर्न आर्थिक बर्ष २०८१।०८२ को वजेट तथा कार्यक्रम तर्जुमा गर्दा निम्न प्रमुख आधारहरु अवलम्वन गरेको छु ।

क) नेपालको संविधान

ख) स्थानीय सरकार संचालन ऐन, २०७४

ग) राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४

घ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

ङ) संघिय र प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्डहरु

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

च) नवदुर्गा गाउँपालिकाको वार्षिक निति तथा कार्यक्रम २०८१

छ) संघिय र प्रादेशिक सरकारको आवधिक विकास योजना

ज) संघिय तथा प्रदेश सरकारको मार्ग दर्शन

झ) आर्थिक सामाजिक पुर्वाधार वातावरण संस्थागत विकास सुशासन जस्ता क्षेत्रगत आधारहरु।

ञ) दीगो विकासका लक्ष्यहरु

ट) नवदुर्गा गाउँपालिकाको आवधिक योजना

**सभाध्यक्ष ज्यू एवम**

**गाउसभाका सदस्य ज्युहरु ,**

अव म आ.व.२०८१/०८२ को मुख्य मुख्य क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**पुर्वाधार विकास**

**सडक पुर्वाधारः**

- गाउँपालिकाको केन्द्र जोड्ने सडकहरु मध्येबाट कोटेली-चोरा-गाउँपालिका, रड्डुवा-वडम-फिन्देउ-गाउँपालिका, डाडावन-घुप्ती-गाउपालिका, रड्डुवा-बेडुपानी-दावली-घुप्ती-गाउपालिका, सिरोड-बेलापुर-गाउँपालिका, मम्मे-गिल्ला-सुवाकोट-बेलापुर, खोडानेटा-चामा-स्लेक-गाउँपालिका सडकमा बाह्रै महिना यातायात संचालन हुने गरि सडक मर्मत सुधार गर्न वर्षातका समयमा अवरुद्ध भएका सडकहरुको सरसफाई गरि सडक सञ्चालनमा ल्याउन आवश्यक बजेको प्रबन्ध गरिएको छ।
- खसरेखान शेरी पलेथर सडक लाई गाउपालिका स्तरीय गौरवको योजनाका रुपमा लिई निर्माणाधिन उक्त सडक स्तरोन्नति कार्य संघीय सरकार समपुरक अनुदानबाट निरन्तरता दिदै चालु आ.व. मा सम्पन्न गर्ने गरि आवश्यक व्यवस्था मिलाईएको छ।
- संघ तथा प्रदेश सरकारवाट यस गाउँपालिका भित्र निर्माणाधीन एंव वजेट विनियोजन गरिएका सडकहरु पोखरा –बेलापुर सडक, रड्डुवा फिन्देउ सडक, दोगाड गाउँपालिका शेरि सडक यथाशीघ्र सम्पन्नताका लागि आवश्यक प्रबन्ध गरिएकोछ।
- बुङरा - बडम जोडने सडक सडक बोर्डसँगको समन्वयमा मर्मत सुधार गर्ने व्यवस्था मिलाईएको छ।
- सडक सञ्जालसँग नजोडिएका बस्तिहरु उकली लगायतका बस्तिहरुमा मुल सडक सञ्जालमा जोड्न आवश्यकता अनुसार संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्यांकन गर्न र विष्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ।
- रड्डुवा फिन्देउ सडकको स्तरोन्नतिको कार्य निरन्तरता दिदै चालु आ.व. मा संघीय सरकारको समपुरक बजेट बाट आगामि दुई वर्षमा सम्पन्न गर्ने लक्ष्य सहित बजेट व्यवस्था गरिएको छ।

नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

उल्लेखित सडक पुर्वाधारहरुको निर्माण तथा मर्मत कार्यका लागि संघीय सरकार समपुरक अनुदान साझेदारी सहित ५ करोड ८० लाख बजेट प्रबन्ध गरिएको छ ।

**खानेपानी तथा सरसफाइ**

- अनाधिकृत रुपमा पानीका मुहानहरु नियन्त्रणमा लिने प्रवृतिलाई निरुत्साहित गर्दै आम जनताको खानेपानी प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्दै खानेपानी तथा सरसफाई स्वच्छता ऐन जारि गरि खानेपानी मुहान दर्ता प्रक्रियालाई अगाडि बढाउन व्यवस्था मिलाईएको छ ।
- आधारभुत खानेपानी तथा सरसफाई सेवाबाट वञ्चित रहेका क्षेत्रमा खानेपानी तथा सरसफाई सेवा पुर्याउने कार्यक्रमलाई उच्च प्राथमिकता दिई सञ्चालनमा ल्याउन आवश्यक प्रबन्ध मिलाइएको छ ।
- यस आ.व.मा शुद्ध पिउने पानीलाई प्रमुख प्राथमिकता दिई खानेपानीको अभावलाई न्युन गर्न र सबै बस्ती समुदाय तथा ब्यक्तिहरु सम्म पानीको सहज आपुर्ति गर्ने कार्य अगाडी बढाउन सबै वडाहरुको प्राथमिकतामा राखि बजेटको व्यवस्था गर्ने प्रवन्ध मिलाइएको छ ।
- खानेपानी आयोजनाहरुमा अपनत्व बोध गराउन खानेपानी आयोजनाहरुमा अनिबार्य मर्मत संभार कोष स्थापना गरिने छ र जसका लागि अनिबार्य पानी महशुल सहित उचित मर्मत सम्भार कोषको व्यवस्थापन गर्दै पानी हेरालु (पलम्बर) नियुक्त गरि खानेपानीको निरन्तरतामा जोड दिन आवश्यक बजेटको व्यवस्था मिलाइएको छ ।

**भवन निर्माण**

- "सुरक्षित, किफायती र वातावरणमैत्री भवन" सोच अनुरुप भवन निर्माण गर्दै नक्सापास गरी घर निर्माण गर्ने कार्यलाई प्रोत्साहित गर्ने उद्देश्यले आगामि आ.व. भित्रै नक्सापास कार्यविधी तयार पारि नक्सापास अनिवार्य गराउने र भवन निर्माण संहिता अवलम्बन गर्ने निति अनुरुप नक्सा पास कार्यविधि निर्माण गरि लागु गर्ने प्रवन्ध मिलाइएको छ ।
- वडा नं ४ को कार्यालय भवन निर्माण कार्य चालु आ.व.मा सम्पन्न गर्दै आधारभुत स्वास्थ्य केन्द्र चामाको भवन निर्माण कार्य सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- आधारभुत स्वास्थ्य केन्द्र ,स्वास्थ्य संस्था र गाउँ घर क्लिनिकका भवनहरु क्रमसः निर्माण, मर्मत गर्ने निति अनुरुप आधारभुत स्वास्थ्य केन्द्रको भवन निर्माणका लागि प्रदेश सरकारको समन्वयमा आवश्यक बजेट व्यवस्था गरिएको छ ।
- बिद्यालय भवनहरु संघ सरकार तथा प्रदेश सरकारको समन्वयमा निर्माण गर्दै विद्यालयका भवनहरु निर्माणमा जोड दिदै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- गाउँपालिकाको आफ्नै प्रशासकीय भवन निर्माण कार्य चलिरहेकोमा आगामी आ.व.मा प्रशासकीय भवन निर्माण कार्य सम्पन्न गर्नका लागि ८ लाख बजेट बिनियोजन गरिएको छ ।

उल्लेखित सवै भवन निर्माण कार्यका लागि रु. ५६ लाख ५० हजार बजेट विनियोजन गरिएको छ ।

...मी प्रसाद अवस्थी
अध्यक्ष

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

## आवास तथा पुर्ननिर्माण एकिकृत वस्ति विकास

- सुरक्षित नागरिक आवास कार्यक्रमको मर्मलाई आत्मसाथ गरी फुसका छाना विस्थापित गरी जस्ताका छाना लगाउने कार्यका लागि आवश्य प्रबन्ध गरिएको छ ।
- जोखिममा रहेका वस्ति पहिचान गरी त्यसको व्यवस्थापनका लागि पहल गरिनेछ ।
- वडा नं ४ को गिल्ला क्षेत्रमा महिला सुत्केरी हुदा सुरक्षित आवासको समस्या रहेकाले सो स्थानमा निर्माणाधिन सुत्केरी आवास गृह निर्माणलाई पुर्णता दिन आवश्यक बजेटको व्यवस्था मिलाईएको छ ।
- अपाङ्ग, असक्त, गरिब, बेसाहारा, बिपन्न नागरिकहरुका आवास सुनिश्चितताका लागि सुरक्षित नागरिक आवास गृह कार्यक्रमसँगको सहकार्य समेत गाउँपालिकाको लगानीमा घर निर्माण कार्यलाई प्राथमिकता दिने निति अनुरुप अपाङ्ग नागरिकको घर निर्माणका लागि बजेट प्रवन्ध गरिएको छ ।
- यस नवदुर्गा गाउँपालिका भित्र रहेका जोखिम युक्त वस्तीहरु तथा वस्तीमा रहेका घरहरुको समुचित मर्मत तथा निर्माणको कार्यलाई संघ सरकारको समन्वयमा सुरक्षित नागरिक आवास नीति अन्तर्गत घरका छाना पुर्नः निर्माण गर्ने नीति अवलम्वन गरिनेछ ।

उक्त सबै आवास तथा एकिकृत बस्ती विकास सहित सुरक्षित आवास तथा घर निर्माणका लागि रु. १३ लाख ५० हजार बजेट बनियोजन गरिएको छ ।

## सिचाई

- कृषियोग्य भूमिमा दिगो एवम् भरपर्दो सिँचाई सुविधा उपलब्ध गराउन सिँचाइ विकासको गुरुयोजना र कृषि विकास रणनीति तर्जुमा गर्न आवश्यक व्यवस्था मिलाइएको छ ।
- साना सिचाई योजना तथा प्लाष्टिक पोखरी सिचाई योजनालाई निरन्तरता दिइएको छ ।
- कृषिमा आधुनिकीरण गर्न र कृषि पेसालाई जीवन निर्वाहको माध्यमका रुपमा विकास गर्न सम्भावित र स्रोत उपलब्ध स्थानहरुमा सिचाईलाई उच्च प्राथमिकतामा राखि सिचाईका योजनाहरु कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ ।
- कृषि वालीनालीको उत्पादन वढाउन परम्परागत सिचाई प्रणालीलाई व्यवस्थीत गर्न आकाशे पानी संकलन पोखरी प्लाष्टिक पोखरी जस्ता कार्यक्रमहरुलाई अगाडी वढाई व्यवसायिक तरकारी खेती तथा नगदेवालीको उत्पादनमा जोड दिइने नीतिलाई निरन्तरता दिदै सम्पुर्ण सिचाई पूर्वाधारको मर्मत सुधार अधुरा सिचाइ आयोजनाको पुर्णता एवम साना सिचाई तर्फ कुल रु. ७ लाख बजेट बिनीयोजन गरिएको छ ।

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

## आर्थीक विकास

### उद्योग

- मेडपा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गरी युवाहरुका लागि सीपमुलक कार्यक्रम, ड्राईभिङ तालिम, कम्प्यूटर तालिम, सिकर्मी, डिकर्मी तालिम, बेमौसमी तरकारी खेति, मौरि पालन जस्ता उद्यमहरु संचालन गर्ने व्यवस्था मिलाइने छ ।
- युवाहरुको रोजगारीका लागि वैदेशिक श्रम बजार माथिको परनिर्भरता घटाउन गाउँपालिकामा साना उद्योग स्थापना गर्न गरिवी निवारणका लागि उद्यम विकास कार्यक्रम मेडपालाई प्रभावकारी रुपमा अगाडी बढाउदै स्थानिय सिप विकासलाई बढावा दिने व्यवस्था मिलाईएको छ ।
- वडा नं. ३ को तल्लो बस्तीमा सालका पातबाट दुनाटपरी बनाउने र बजारीकरण गर्न मेशिन जडान गरि दुनाटपरी निर्माण गर्ने उद्यमको थालनी गर्दै वडा नं. २ को वेडुपानीमा साझा सुविधा केन्द्रमा मसला प्रशोधन उद्यमलाई कार्यान्वयनमा ल्याउन गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

उल्लेखित सवै कार्यकाहरु लागि रु १३ लाख विनियोजन गरिएको छ ।

### कृषि

- साना सिचाई मर्मत सम्भार र निर्माण कार्यक्रमहरुका लागि क्रमशः ५० र ८० प्रतिशत, बाँसे संरचनाको प्लाष्टिक घर निर्माणमा ५० प्रतिशत, फलामे संरचनाको पोलिहाउस निर्माणमा ५० प्रतिशत, मौरी सहितको घार र खालि घारमा क्रमशः ५० र २५ प्रतिशत, कन्ये च्याउ खेतिमा ५० प्रतिशत अनुदानको दिने व्यवस्था मिलाईएको छ ।
- प्रविधिहस्तान्तरण कार्यक्रम अन्तरगत सिडबिन, हातेट्रयाक्टर, प्लाष्टिक पोखरी, प्लाष्टिक टनेल जस्ता सामाग्रीहरु अनुदानमा उपलब्ध गराउन आवश्यक वजेट व्यवस्था गरिएको छ ।
- कृषि बालीको बीमा गर्ने र सो का लागि कृषकहरुलाई प्रोत्साहन गर्न अभिमुखीकरण एवम अनुदान दिने निति अनुरुप कृषि बीमा कार्यक्रमका लागि आवश्यक व्यवस्था मिलाईएको छ ।
- सुख्खा तथा बाह्रै महिना सिंचाई अभाव भएका बस्तिहरुमा फलफुल बिरुवा रोपण कार्यमा बढावा दिन हिउदे तथा बर्षे फलफुलका बिरुवाहरुमा अनुदान दिने निति अनुरुप फलफुलका बिरुवा ढुवानीमा सतप्रतिशत र बिरुवा खरिदमा २५ प्रतिशत अनुदान सहित फलफुल खेती विकासका लागि आवश्यक व्यवस्था गरिएको छ ।
- प्रविधि हस्तान्तरण तर्फ कृषक समुह, कृषक उद्धमीहरुलाई कृषि यान्त्रिकरण गर्नका लागि कृषि औजारहरुमा जोड दिदै प्रधानमन्त्री कृषी आधुनिकीकरण परियोजना सँगको सहकार्यमा कृषकहरुलाई आधुनिक प्रविधि हस्तान्तरण गर्ने व्यवस्था मिलाईएको छ ।

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

- तल्लो तटीय क्षेत्र एवम् खोला किनारमा सिचाईका लागि लिफ्ट प्रविधिमा जोड दिई उच्च सम्भावना रहेका वाली उत्पादनमा जोड दिदै मौसमी तथा बेमौसमी तरकारी खेती तर्फ प्रोत्साहित गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ।
- यस गाउँपालिकाको क्षेत्र भित्र उल्लेख्यरुपमा उत्पादन हुने मकै वालीलाई प्रर्वद्धन गर्न उन्नत विउ वितरणमा जोड दिदै माटो सुहाउँदो मकै विउमा अनुदान दिने निति अवलम्वन गरिनेछ मकै विऊ उत्पादनमा अनुदान दिने निति अनुरुप मकै बाली प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिईएको छ।
- साना सिंचाई, मझौला सिंचाई र बृहत सिंचाई योजनाको पहिचान र अभिलेखीकरण गरी नियमित सञ्चालनमा ल्याउन बिशेष योजना सहित संघिय र प्रदेश सरकार संड्ग समन्वय गर्दै साना सिचाई पुर्वाधार तर्फ रु ७ लाख बजेट विनियोजन गरिएको छ।

उल्लेखित कृषि तर्फका सवै कार्यक्रम सम्पन्न गर्न रु.३३ लाख ७६ हजार बजेट विनियोजन गरिएको छ।

**पशुपंक्षीपालन**

- रेविज रोग नियन्त्रण कार्यक्रमलाई अभियानका रुपमा संचालन गर्न खोप कार्यक्रम/स्थाई बन्ध्याकरण कार्यक्रम/ स्कुल शिक्षा कार्यक्रम/ जनचेतना मुलक कार्यक्रमहरुमा जोड दिईएको छ।
- पशुपन्छीका महामरीजन्य रोगहरु नियन्त्रणका लागी खोप अभियान तथा जनचेतना मुलक कार्यक्रमलाई निरन्तरता दिदै आवश्यक वजेट व्यवस्था गरिएको छ।
- पशुपन्छी विमा कार्यक्रममा लाई अभियानका रुपमा संचालन गर्न सबै किसिमका पशुपन्छीलाई विमा गर्ने र पशुन्छी बिमा नहुने पशुलाई शुन्यमा झार्ने निति अनुरुप पशुपन्छी बीमा कार्यक्रमलाई सबै वडामा विस्तार सहित भैसी पालन तर्फ सुत्केरी भत्ता सहित प्रदान गर्ने व्यवस्था मिलाईएको छ।
- उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्न दुध उत्पादन, मासु उत्पादन, फुल उत्पादन गर्ने कृषकलाई उत्पादनका आधारमा अनुदान उपलब्ध गराउन आवश्यक व्यवस्था गरिएको छ।
- बर्षे तथा हिउदे एक बर्षे र बहु बर्षे घाँस खेती कार्यक्रमलाई अभियानका रुपमा संचालन गर्न आवश्यक कार्यक्रमको प्रवन्ध मिलाईएको छ।
- कृषकहरुको व्यवसायीकतालाई पहिचान गरी बाख्रा पालन कुखुरा पालन वंगुर पालन का लगि अनुदान प्रदान गरिने व्यवस्था मिलाइएको छ।
- पशुपंक्षीको मासुको बजार प्रवर्धन गर्न सुरक्षित माशु पसल ब्यवस्थित गर्न आवश्यक सहयोग गर्ने अनुदान नीतिलाई निरन्तरता दिदै शुद्ध मासु पसल संचालनको व्यवस्था मिलाईएको छ।

उल्लेखित सवै कार्यका लागी पशु विकास तर्फ कुल जम्मा रु. . २२ लाख १२ हजार विनियोजन गरिएको छ ।

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

**संकृति पर्यटन**

१. प्राकृतिक रुपले रमणीय स्थानमा रहेको नवदुर्गा गाउँपालिका ऐतिहासिक, धार्मिक, सास्कृतिक धरोहरहरुको धनी भुमिमा रहेका यस क्षेत्रका पौराणिक मठ मन्दिर देवलहरुको संरक्षणमा जोड दिदै यस गाउँपालिकाका मठ मन्दिरहरुको संरक्षण पुर्न निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

२. यस गाउँपालिकाको वडा नं. ३ मा रहेको नवदुर्गा गाउँपालिकाको नामाकरण समेत नवदुर्गा भगवतीको नामबाट रहन गएकोमा उक्त प्रसिद्ध ऐतिहासिक, धार्मिक महत्व बोकेको नवदुर्गा भगवतिको मन्दिर निर्माण कार्य थालनी गर्न यस वर्ष वाह्य पुर्वाधार सहितका कार्यक्रमका लागि आवश्यक वजेटको व्यवस्था मिलाईएको छ ।

३. प्रसिद्ध मष्ठा भगवती क्षेत्र, नवदुर्गा भगवती, गौडेश्वर मन्दिर, अशिग्राम मणिलेक क्षेत्र, मष्ठा बैजनाथ क्षेत्र, मणिलेक मन्दिर, विजयासैनी समैजी मन्दिर, भुमिदेउली, गा.पा अन्तर्गत रहेका पासा र मसानी मन्दिरहरु आमतोडा र कोटेलीका देवलहरु तथा कुणी दहको विशेष संरक्षण गर्न आवश्यक पहल गरि संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा जोड दिईएको छ ।

४. यस गाउँपालिकाको पर्यटकिय स्थलका रुपमा रहेका वडा नं. ५ को कुणी दह तथा वडा नं. ४ को खार गुफा सम्म सडक बिस्तारका लागि आवश्यक प्रबन्ध मिलाईएको छ ।

माथि उल्लेखित संस्कृती पर्यटन तर्फ रु १२ लाख बिनीयोजन गरेको छु ।

**सहकारी तथा गरिवी निवारण**

- सहकारी क्षेत्रमा वर्तमानमा देखिएको ऋण डुब्ने समस्या तथा सहकारीका बचतकर्ताहरुको बचत गुम्ने समस्यालाइ मध्यनजर गरि तेस्तो समस्या आउन नदिन समयमै गाउँपालिका भित्र रहेका सहकारीहरुको अनुगमन गरि सहकारी सम्बन्धी कानूनको कडाईका साथ परिपालना गर्ने व्यवस्था मिलाईएको छ ।
- सार्वजनिक निजी क्षेत्र तथा सहकारी सहितको तीन खम्बे अर्थ नीति अवलम्वन गर्दै सहकारी क्षेत्रको बिकासमा सहभागिता सुनिश्चितता गर्न इच्छुक सहकारी मार्फत अनुदान वाट साना स्वरोजगारका कार्यक्रमहरुमा लागत सहभागिता सुनिश्चितता गर्न आवश्यक व्यवस्था मिलाईएको छ ।
- सहकारी प्रर्वद्धनमा जोड दिदै सहकारी क्षेत्रको बिकासका लागि आवस्यक पर्ने सीप क्षमता अभिबृद्धि हुने खालका कार्यक्रमहरु अगाडी बढाउन गाउँपालिका भित्र संचालनमा रहेका सबै सहकारीहरुको प्रर्वद्धनमा जोड दिदै सहकारी क्षेत्रको बिकासका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।
- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तरगत अति गरिव परिवारका सदस्यहरु सम्मिलित उद्यम समुहहरुलाई रोजेको ब्यवसायका लागि आवश्यक अनुदान उपलब्ध गराउने व्यवस्था मिलाईएको छ ।

सहकारी क्षेत्रको समग्र विकासका लागि कुल रु. २ लाख वजेट विजियोजन गरेको छु ।

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

**सामाजिक विकास**

**स्वास्थ्य**

- यस गाउँपालिकाको समग्र स्वास्थ्य अवस्थामा सुधार ल्याउन पालिकाले तयार गरेको स्वास्थ्य तथा सरसफाई ऐन, स्वास्थ्य, सरसफाई तथा पोषण नीति र स्वास्थ्य क्षेत्रको आवधिक योजनालाई पूर्ण कार्यान्वयनमा ल्याउन आवश्यक व्यवस्था मिलाईएको छ।
- गाउँपालिकाका सम्पूर्ण स्वास्थ्य सँस्थाहरुबाट नि:शुल्क आधारभूत स्वास्थ्य सेवाहरु प्रभाबकारी रुपमा सन्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।
- भौगोलिक विकटता र जनघनत्वका आधारमा न्यूनतम आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न त्यस्ता ठाउँहरुको पहिचान गरि गाउँघर क्लिनिक र खोप क्लिनिक मार्फत सेवा दिने कार्यलाई निरन्तरता दिदै गाउँघर क्लिनिक व्यवस्थापनको लागि रु ५ लाख बजेटको व्यवस्था गरिएको।
- नसर्ने रोगको प्रकोप बढिरहेको सन्दर्भमा नवदुर्गा गाउँपालिका बासी आम जनसमुदायको जीवनशैली तथा खानपिनमा सुधार ल्याउन जनचेतनामुलक कार्यक्रम सन्चालनमा जोड दिन, साथै सुर्तीजन्य पदार्थ, लागु पदार्थ दुर्बेसनि र अन्य स्वास्थ्यलाई हानि गर्ने बस्तुहरुको उत्पादन तथा उपभोगलाई निरुत्साहित गर्ने कार्यक्रम सञ्चालनका लागि रु ५ लाख बजेट व्यवस्था गरिएको छ।
- नवदुर्गा गाउँपालिकाका सबै वडाहरुमा बर्षमा एक पटक नि:शुल्क एकिकृत स्वास्थ्य शिबिर सन्चालन गर्न, साथै उच्च रक्तचाप, मधुमेह, मृगौला रोग, मुटु रोग, दम जस्ता नसर्ने रोगहरुको निदान, उपचार तथा व्यवस्थापन गर्न आवश्यकता अनुसार बिशेष एकीकृत अभियान सन्चालन गर्न रु १८ लाख बजेट व्यवस्था गरिएको छ।
- खोपबाट बचाउन सकिने रोगहरुको उन्मुलन, निवारण र नियन्त्रणका लागि केन्द्रिय सरकारको नीति अनुरुप कार्यान्वयन र निगरानी कार्य गर्न, साथै पूर्ण खोप सुनिश्चितता तथा दिगोपना गर्ने कार्यलाई हरेक बर्ष निरन्तरता दिन रु २ लाख ५० हजार बजेट बिनियोजन गरिएको छ।
- स्वास्थ्य सँस्थाबाट नि:शुल्क वितरण हुने तोकिएका औषधिहरुमा आवश्यकता अनुसार थप गरि सहज रुपमा उपलब्ध भएको सुनिश्चित गर्ने व्यवस्था मिलाईएको छ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रबाहको लागि गिल्ला मम्मेमा निर्माण सम्पन्न चरणमा रहेको स्वास्थ्य पूर्वाधार लगायत सेवा प्रवाह गरिरहेका स्वास्थ्य सँस्थाहरुमा औषधि, औषधिजन्य सामग्री र औजार तथा उपकरणको व्यवस्था गर्न आवश्यक बजेट प्रवन्ध गरिएको छ।
- किशोर किशोरी, महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्न आवश्यक कार्यक्रम सन्चालन गरिनेछ, पाँच वडा मध्य चार वडामा सन्चालनमा रहेको सुरक्षित गर्भपतन सेवालाई वडा न. ५ मा समेत विस्तार गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ।

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

- खाद्य बिबिधिकरणमा जोड दिदै शिक्षा शाखा संगको समन्वयमा सबै बिद्यालयहरुमा पोषण व्यवहार परिवर्तन, बिद्यालय स्वास्थ्य तथा पोषण र बजारिया खान (Junk Food) लाई निरुत्साहित गर्न चौमासिक रुपमा अभिमुखीकरण कक्षा सन्चालन गर्ने व्यवस्था मिलाईएको छ।
- पालिका अन्तर्गत ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरु, बिपन्न व्यक्तिहरु, अपांग, जेष्ठनागरिक र अन्य पिछडिएका वर्गलाई नि:शुल्क प्रेषणका लागि एम्बुलेन्स सेवा सहित आवश्यक व्यवस्था मिलाईएको छ।
- गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्न, जेष्ठ नागरिक र अपांगहरुको घरमै सामान्य स्वास्थ्य जाँच तथा उपचार गर्न बिगत देखि काम गरिरहेका एक वडा एक सामुदायिक स्वास्थ्यकर्मी कार्यक्रम,पोषण अवस्थामा सुधार ल्याउने उदेश्यले संचालित सुनौला हजार दिन लक्षित पोषण चौतारी कार्यक्रम, सन्चार तथा समन्वयका लागि महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई सन्चार खर्च, गर्भवती लक्षित नि:शुल्क भिडियो एक्सरे कार्यक्रम लगायतका कार्यक्रम सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाईएको छ।
- महिलाहरुको प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्न स्वास्थ्य क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी निकायसंगको सहकार्यमा पाठेघर खस्ने (आङ खस्ने) सम्वन्धी समस्याहरुको स्क्रिनिङ गरि अप्रेशन गर्न शिविर सञ्चालन गर्ने प्रबन्ध मिलाईएको छ।
- आयुर्बेद चिकित्सा लाइ विशेष प्रोत्साहन गर्नका लागि विशेष योजना र कार्यक्रम गर्ने नीति अनुरुप नागरिक आरोग्य केन्द्र स्थापना भइ सकेकामा थप प्रभावकारी बनाउन नागरिक आरोग्य केन्द्रलाइ आवश्यक पुर्वाधार सहित औषधि उपचारका लागि आवश्यक सामग्री उपलब्ध गराउन र आर्युवेदिक औषधालय मणिलेकमा आवश्यक उपकरण सहित आर्युवेदिक चिकित्सालाई बढावा गर्न नागरिकको पहुच अभिबृद्धि गर्न रु ५ लाख ५० हजार बजेट व्यवस्था गरिएको छ।
- नवदुर्गा गाउँपालिका भित्र रहेका एच आई भि संक्रमितहरुको आत्म सम्मान पुर्वक मनोवल बढाउने उद्देश्यले उनीहरुका लागि औषधी उपचार र जिविकोपार्जनका लागि आयआर्जन मुखि कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाईएको छ।

माथि उल्लेखित स्वास्थ्य तर्फको कार्यक्रम सम्पन्न गर्नका लागि रु. १ करोड ६२ लाख २६ हजार बिनियोजन गरेको छु।

**शिक्षा**

- नवदुर्गा गाउँपालिकाको प्रतिबद्धता नि:शुल्क तथा अनिवार्य आधारभूत शिक्षाको पहुँचमा सुनिश्चितता" मूल नाराका साथ बालमैत्री विद्यालय वातावरण निर्माण गर्दै आधारभूत शिक्षालाई सामुदायिक विद्यालय मार्फत क्रमश: अनिवार्य निशुल्क र माध्यमिक शिक्षालाई निशुल्क गर्न र प्राविधिक शिक्षाको पहुँचमा जोड दिन आवश्यक व्यवस्था गरिएको छ।

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

- गाउँपालिका भित्र वौद्धिक अपाङगताको स्रोत कक्षा रहेको आवाशीय विद्यालय संचालन अनुदान लिई सञ्चालनमा रहेका विद्यालयलाई थप व्यवस्थित गर्दै शैक्षिक गुणस्तर सुधार गर्न आवश्यक प्रवन्ध मिलाईएको छ ।
- पालिकामा सञ्चालित अंग्रेजी, गणित र विज्ञान विषयका विषयगत शिक्षक दरबन्दी नभएका आधारभूत तह कक्षा ६-८ र माध्यमिक तह कक्षा ९-१० लाई विद्यालयमा मौजुदा दरबन्दी संख्यालाई एकिन गरी शिक्षण अनुदान उपलब्ध गराउन आवश्यक व्यवस्था गरिएको छ ।
- विद्यालय उमेर समूहका सवै पालिकालाई विद्यालय शिक्षाको पहुँचमा ल्याउन भर्ना अभियान कार्यक्रम सञ्चालनमा ल्याउन र विद्यार्थी टिकाउदर र विचैमा विद्यालय छोड्ने दरमा अपेक्षित सुधार गर्न अभिभावक सचेतीकरण कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक वजेट व्यवस्था गरिएको छ ।
- विद्यालय अनुगमन तथा सुपरीवेक्षण कार्यलाई प्रभावकारी बनाउन पालिकामा विषयगत शिक्षकहरुको रोष्टर समूह निर्माण गरी नमूना शिक्षण र आवश्यक पृष्टपोषण सहितको विद्यालय अनुगमन तथा सुपरीवेक्षण गर्ने कार्य सञ्चालन गर्नका लागि आवश्यक प्रवन्ध मिलाईएको छ ।
- पालिकास्तरीय कक्षा ८ को परीक्षा र SEE परीक्षाको नतिजाको आधारमा उत्कृष्ट छात्र/छात्र, विद्यालय प्रधानाध्यापकसँग कार्य सम्पादन करार सम्झौता गरी उत्कृष्ट अंक ल्याउने प्रध्यानाध्यापक र सामाजिक लेखा परीक्षाणको मापदण्ड तथा शैक्षिक गुणस्तर सुधार कार्य योजनाको आधारमा उत्कृष्ट विद्यालयलाई पुरस्कृत गरी प्रोत्साहित गर्न र गाउँपालिकामा रहेका दलित तथा अपाङ्ग छात्र/छात्रालाई प्रोत्साहन गर्न कक्षा ११ र १२ प्राविधिक शिक्षा अध्ययनको लागि SEE को उत्कृष्ट नतिजाको आधारमा छात्रवृत्ति प्रदान गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- शैक्षिक सत्र २०८१ लाई नवदुर्गा गाउँपालिकाको शैक्षिक सुधार बर्षको रुपमा परिणत गर्न शिक्षक, वि.व्य.स. तथा शिक्षक अभिभावक संघका पदाधिकारी, अभिभाव र अन्य सरोकारवालाहरुको लागि सार्वजनिक शिक्षा सवलीकरण सम्बन्धी क्षमता विकास कार्यक्रमहरु सञ्चालन गर्नका लागि आवश्यक प्रवन्ध मिलाईएको छ ।
- नवदुर्गा गाउँपालिकामा बसोबास गरेर उच्च शिक्षा स्वास्थ्य तर्फ एम.बि.बी. एस. अध्ययन गर्न चाहने ईच्छुक गरिब विपन्न, दलित र जेहेन्दार विद्यार्थीहरुलाई अध्ययन गराउनका लागि नवदुर्गा सरकारबाट छात्रवृति कोष स्थापना गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- पालिकामा सञ्चालित ICT को सुविधा नभएको विद्यालय संख्या एकिन गरी कम्प्युटरको सुविधा नभएका विद्यालयहरुलाई ल्यापटप तथा डेस्कटप व्यवस्थापन गरी सिकाइलाई प्रविधीसंग जोड दिनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- बालबालिकाहरुको सार्वाङ्गिण विकासको लागि विभिन्न प्रतिभा पहिचान कार्यक्रम, अतिरिक्त क्रियाकलाप र खेलकुद कार्यक्रमलाई विशेष प्राथमिकता सहित अतिरिक्त क्रियाकलाप तर्फ आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- पालिका तथा वडास्तरमा खेल पूर्वाधार विकास सम्बन्धी कार्यहरु गरिनुको साथै पालिका, जिल्ला, प्रदेश र केन्द्रीय स्तरका खेलकुदमा उत्कृष्ट क्षमता प्रदर्शन गर्ने खेलाडीलाई सम्मान गर्न आवश्यक व्यवस्था मिलाईएको छ ।
- अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तरगत सामुदयिक सिकाइ केन्द्रहरुलाई व्यवस्थित गर्दै जनचेतना र सिपमूलक कार्यक्रम,अभीभावक शिक्षा र साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन गर्न र सामुदायिक सिकाइ केन्द्रमा

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

वडास्तरीय सार्वजनिक पुस्तकालयको स्थापना गरी सिकाइ थलोको रुपमा कायम गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ ।

- सामुदायिक विद्यालयमा विज्ञान प्रयोगशाला र पुस्तकालय व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिन, नमूना बालविकास केन्द्र विकास कार्यक्रमलाई निरन्तरता दिदै प्रारम्भिक बालविकास कक्षाको वालपेन्टिङ र शैक्षिक सामग्री व्यवस्थापनका लागि आवश्यक व्यवस्था मिलाईएको छ ।
- स्थानीयस्तरमा उत्पदान हुने खानेकुराहरुलाई विद्यालय दिवाखाजाको रुपमा प्रयोग गर्न प्रोत्साहित गर्न, सामुदायिक विद्यालयको वातावरणीय सरसफाईलाई मध्यनजर गर्दै विद्यालयलाई नि:शुल्क उपलब्ध गराइने स्यानिटरी प्याड व्यवस्थापन गर्न कक्षा ६ देखि १२ सम्म सञ्चालित १५ वटा विद्यालयमा स्यानिटरी प्याड भेन्डिङ मेसिन र स्यानिटरि प्याड डिस्पोजल मेसिनको व्यवस्था गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- शैक्षिक तथा भौतिक अवस्थाको कारण गुणस्तरमा कठिनाई देखिएका सामुदायिक विद्यालयको शिक्षाको गुणस्तर उकास्न आवश्यक शैक्षिक तथा भौतिक अनुदान उपलब्ध गराउन उचित बजेट व्यवस्था गरिएको छ ।
- शिक्षाको गुणस्तरका लागि गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा अध्ययनरत विषयगत शिक्षकहरुको समिति निर्माण गरी विषयगत शिक्षकहरु विचमा निरन्तर छलफल तथा अन्तरक्रिया कार्य गर्न आवश्यक व्यवस्था मिलाईएको छ ।
- गाउँपालिकास्तरमा संचालित सामुदायिक विद्यालयहरुका कक्षा ५ र ८ को गाउँपालिकास्तरिय वार्षिक परिक्षा संचालन गर्न आवश्यक प्रवन्ध मिलाईएको छ ।
- सामुदायिक विद्यालयहरुमा गुणस्तर सुधारका लागि गाउँपालिकास्तरमा संचालित आधारभुत तह र माद्यमिक तहका क्रमश कक्षा ८ र १० मा अध्ययनरत विद्यार्थीहरुका लागि अतिरिक्त कक्षा संचालनको आवश्यक व्यवस्था गर्न बजेट प्रवन्ध गरिएको छ ।
- शैक्षिक व्यवस्थापनको क्षमता अभिवृद्धि तथा संस्थागत विकासमा निमित्त प्रधानाध्यापक,शिक्षक,CLC,वालविकास कर्मचारी एंव व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता विकास गर्दै विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्न आवश्यक वजेट व्यवस्था गरिएको छ ।

उल्लेखित शिक्षा तर्फका सम्पुर्ण कार्यहरु समपन्न गर्न र सामुदायीक विद्यालयहरुका शिक्षक कर्मचारीहरुको तलव भत्ता समेका लागि रु १५ करोड २९ लाख ७९ हजार बजेटको व्यवस्था गरिएको छ ।

**महिला तथा लैगिंक समावेशीकरण**

- लैगिंक समनाता तथा समावेशीकरण नीति निर्माण गरी कार्यान्वयन गर्दै लैङ्गिक उत्तरदायी बजेट विनियोजन पध्दतिको अवलम्बन गरिएको छ ।
- महिलाहरुमा पर्ने सामाजिक असर कम गर्न एवम घरेलु हिंसाका कारण समस्यामा परेका महिलाहरुका लागि मनो परामर्शका कार्यक्रमहरु सहित महिला सेफ हाउस सञ्चलानका लागि सहयोग गर्ने व्यवस्था मिलाइएको छ ।

लाल्मी प्रसाद अवस्थी
अध्यक्ष

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

- समाजिक सुरक्षा तथा सरकारवाट कुनै प्रकारको संरक्षण प्राप्त गर्न नसकेका परिवार एंव सामाजिक रुपमा वंचितीकरणमा परेका एकल पुरुषहरुको जीवन निर्वाहलाइ सहज तुल्याउन आवश्यक बजेटको व्यवस्था गरिएको छ।
- छाउपडी प्रथालाइ निरुत्साहित गर्दै उक्त अवस्थामा महिलाको जीवनशैली व्यवस्थित गर्न महिनावारि स्वच्छता कार्यक्रम सञ्चालनको प्रवन्ध गरिएको छ।
- आय आर्जनमा जोड दिने खालका आयोजना संचालनमा गाउँपालिकाको प्राथमिकता सुनिश्चित गरि आयआर्जन क्रियाकलाप सञ्चालन राष्ट्रपति महिला उत्थान कार्यक्रम तर्फ सहकार्य गर्दै आवश्यक बजेट व्यवस्था गरिएको छ।
- लैङ्गिक हिंसा, घरेलु हिसां मानव वेचविखन, विभेद तथा असमानता विरुद्ध जनचेतना अभिवृद्धि गर्न अन्तराष्ट्रिय श्रमिक महिला दिवस, लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान लगायतका दिवशहरुमा सचेतीकरणका कार्यक्रमहरुलाई निरन्तरता दिदै आवश्यक बजटको प्रबन्ध मिलाईएको छ।
- एकल महिलाहरुका लागि विगत वर्षहरु झै आयआर्जनका कार्यक्रम कुखुरा वाख्रा पालन व्यवसायीक तरकारी खेतीका लागि अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिईएको छ।
- एकल असहाय महिलाहरुका बालबालिकाहरु लाई उच्च शिक्षाका लागि छात्रबृत्तिको ब्यवस्थालाई निरन्तरता दिईएको छ।

उपर्युक्त कार्यक्रमहरुका लागि रु १६ लाख ९० हजार विनियोजन गरिएको छ।

**दलित तथा सिमान्तकृत बर्ग**

- प्रदेश सरकार सँगको समन्वयमा दलित तथा सिमान्तकृत वर्गहरुको शसक्तीकरणका लागि परम्परागत सीपमा आधारित पेशालाई व्यवसायिक रुपमा लैजान आधुनिक प्रविधि एवम मेशिन प्रयोगका माध्यमवाट उनिहरुको आयआर्जनका लागि टेवा पुग्ने र व्यवसायिक बनाउन आवश्यक तालिम सहित उनिहरुको शसक्तीकरणमा जोड दिन आवश्यक बजेटको व्यवस्था गरिएको छ।
- दलित विपन्न नागरिकहरु को रुचि वमोजिमको सीप विकास गर्न सिकर्मी डकर्मी कार्पेन्टी जस्ता तालिमहरुको आयोजना गरी आयआर्जनमा अभिवृद्धि हुने खालका कार्यक्रमहरु कार्यान्वयनमा जोड दिदै आवश्यक बजेटको व्यवस्था गरिएको छ।
- दलित जातीहरुमा रहेको परम्परागत सीपमा आधारित पेशालाई व्यवसायीकरण तर्फ उन्मुख गर्न आधुनिक औजार सिलाई मेशिन,आरन सेट जस्ता सामग्री उपलब्ध गराई गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मेडपा अन्तरगत परम्परागत सीप विकासलाई आधुनिकीकरणमा जोड दिन आवश्यक बजेट प्रबन्ध गरिएको छ।
- परम्परागत पेशाहरुको बैज्ञानिकीकरण गर्दै आय आर्जनतर्फ उन्मुख गर्ने कार्यक्रम लागु गरि ,जातीय भेदभाव कसुर सजायँ ऐनलाई प्रभावकारी कार्यान्वयन गर्न विशेष व्यवस्था गरिने छ हरेक वडामा दलितहरुको सामुहिक आय

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मनिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

आर्जनको कार्यक्रममा जोड दिदै दलित तथा सिमान्तकृत वाल वालिकाको निशुल्क शिक्षाको आवश्यक व्यवस्था मिलाईएको छ ।

- बिपन्न दलितका छात्र छात्रा हरुलाई शिक्षाको मुल प्रवाहीकरणमा ल्याउन प्राबिधिक शिक्षाको सुनिश्चितता गर्न दलित छात्रबृत्ती कार्यक्रम लाई प्राथमिकताका साथ कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाईएको छ ।

उल्लेखित दलित तथा सिमान्तकृत बर्ग लाई विकासको मुलप्रवाहीकरणमा समाहित गर्न र दलित हक अधिकार सुनिश्चित गर्न शसक्तिकरण समेतका लागि रु ३५ लाख विनियोजन गरिएको छ ।

**युवा तथा खेलकुद**

- यसै वर्ष यस गाउँपालिकाको पालिका स्तरिय खेलकुद मैदान (नवदुर्गा खेलग्राम) को निर्माण कार्य प्रारम्भ गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- युवा क्लव गठन गर्ने पद्धति व्यवस्थित गरिनेछ साथै गठित यूवा क्लव नविकरण गरी सामाजिक कार्यका लागि आवश्यक व्यवस्था गरिएको छ ।।
- यूवाको क्षमता विकास कार्यक्रम लोकसेवा तयारी कक्षा, ड्राईभिङ तालिम, कम्प्यूटर तालिम, आदि संचालन गर्ने गरि आवश्यक बजेट प्रबन्ध गरिएको छ ।
- विद्यालय स्तरमै खेलकुदको विकास गर्न आवश्यक खेल सामग्रीहरु प्रदान गरिने र खेल मैदान निर्माण कार्यलाई निरन्तरता दिदै थप वडामा खेल पुर्वाधार निर्माणका लागि आवश्यक बजेटको प्रवन्ध गरिएको छ ।
- कृषि क्षेत्रमा युवाहरुको घटदो आकर्षणलाई निरुत्साहित गरि आर्थिक बिकासको मुल आधार कृषिमा आधनिकीकरण सहित युवा अनुदानमा बढोत्तरी गरि कृषि उत्पादनको प्रतिफलबाट युवाहरुको आय आर्जनमा जोड दिने व्यवस्था मिलाईएको छ ।
- युवा युवतीहरुका लागि विकास आयोजना लगायत प्रधानमन्त्री रोजगार कार्यक्रममा वढी से वढी सहभागिता गराई उनीहरुको सिमित भए पनि रोजगारीको उचित व्यवस्था गर्ने प्रवन्ध मिलाईएको छ ।

उपर्युक्त सवै क्रियाकलापहरु संचालन गर्न युवा तथा खेलकुद कार्यक्रम तर्फ रु १५ लाख विनियोजन गरिएको छ ।

**बालवालिका**

- बालिकाहरुलाइ सशक्तीकरण गर्न प्रत्येक विद्यालयहरुमा, वडाहरुमा र गाउँपालिकामा बालक्लब गठन तथा बालसञ्जाल गठन सँगै बालकोष स्थापनाका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- वालवालिकाको विकासका लागि बाल मैत्री अभियान संचालन मार्फत वाल मैत्री स्थानिय शासनका लागि आवश्यक सुचकहरु अवलम्बन गर्न लुनिभा बालसरोकार समुह सँगको सहकार्यमा आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

➢ विद्यालय तथा वडा स्तरमा बाल क्लवहरु गठन गरि बाल केन्द्रित गतिविधिका लागि आवश्यक कार्यविधि निर्माण गरी कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाईएको छ।

उल्लेखित वालवालिका लक्षित कार्यक्रम सम्पन्न गर्न रु. ३ लाख रकम विनियोजन गरिएको छ।

**बृद्ध/वृद्धा जेष्ठ नागरिक**

१. "बृद्ध बृद्धाहरु वोझ होइनन मार्ग दर्शक हुन सम्मान गर्नुपर्छ भन्ने ध्यका साथ जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइएको छ।

२. जेष्ठ नागरिकहरुले पाउदै आएको सामाजिक सुरक्षा बृत्तीलाई बैङ्किङ प्रणाली मार्फत सहत उपलब्ध गराउने व्यवस्था मिलाईएको छ।

३. बहिस्करणमा परेका वृद्ध वृद्धा को पुर्न स्थापना कार्यक्रम,स्वास्थ्य चेकजाँचका लागि आँखा शिविर,स्वास्थ्य शिविर जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिइएको छ।

४. एकल अवस्थामा रहेको घरपरिवारबाट वहिस्कृत पारिएको एकल वृद्ध विदुर पुरुषहरुका लागि सम्मान पुर्वक बाच्न पाउँने व्यवस्था गर्दै आवश्यक संरक्षणका लागि वृति अनुदान उपलब्ध गराउने व्यवस्था मिलाईएको छ।

**अपांगता**

➢ अपांगता शिवीर संचालन गरी अपाङ्गता परिचयपत्र वितरणको व्यवस्था मिलाईएको छ।

➢ अपाङ्ग मैत्री भौतिक संरचना निर्माणमा जोड दिँदै अपाङ्गता भएका व्यक्तीहरुको क्षमता विकासका लागि विभिन्न सीप विकास कार्यक्रम संचालनको व्यवस्था मिलाइएको छ।

➢ अपाङ्गता भएका ब्यक्तिहरुका लागि आवश्यक पर्ने सहायक सामाग्री सेतो छडी,बैशाखी, हवील चेयर जस्ता अपाङ्ग सहयोगी सामाग्री बितरण गर्न आवश्यक व्यवस्था मिलाईएको छ।

➢ अपाङ्गता भएका व्यक्तिहरुलाई आयआर्जन तथा स्वरोजगारमुलक कार्यक्रम तिर प्रोत्साहित गरि आत्मनिर्भर तथा अपाङ्ग नागरिकहरुका घर निर्माण गर्न आवश्यक बजेट प्रवन्ध गरिएको छ।

➢ अपाङ्गता भएका ब्यक्तीहरुलाई संगठित गर्न उनीहरुको वडा तथा गाउँपालिका स्तरिय संजाल गठन गरि उनीहरुकै अर्थपुर्ण सहभागितामा अपाङ्गता भएकाहरुको कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईएको छ।

उपर्युक्त अपागंता भएका ब्यक्तिहरुको शसक्तिकरण सहित कार्यक्रमका लागि रु. ३ लाख रकम विनियोजन गरेको छु।

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

**राहत तथा सहयोग कोष**

१. आमाबुबा गुमाएका नाबालक टुहुरा बालबालिका अशाहाय महिला निसन्तान एवम सन्तान वाट संरक्षण नपाएका विदुर पुरुष तथा एकल महिलाहरुलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन आवश्यक बजेटको ब्यवस्था गरिएको छ।

२. लैङ्गिक हिंसा मावन बेचबिखनमा परेका पिडित तथा प्रभावितहरुका लागि आपतकालिन अवस्था भएमा पिडित एवम आवश्यक सहयोगको लागि पालिका स्तरिय अध्यक्ष राहात तथा सहयोग कोषलाई निरन्तरता दिईएको छ।

३. लैङिक हिंसा, अति विपन्न विपद प्रभावित पीडितहरु तथा स्वास्थ्य उपचारको अभावमा उपचार नपाएका ब्यक्तिहरुलाई राहत प्रदान गर्न गाउँपालिका अध्यक्ष राहातकोषको व्यवस्था गर्दै राहात तथा सहयोग कार्यका लागि १४ लाख रकम बिनियोजन गरिएको छ।

**वन, वातावरण, जैविक विविधता तथा विपद व्यवस्थापन**

१. विपद व्यवस्थापनको पुर्व तयारी तथा प्रतिकार्य योजना बनाई लागु गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ।

२. वर्षात तथा बाढीपहिरोमा परि क्षति हुन सक्ने पुर्वाधार संरचना खानेपानी भवन पुर्वाधार लगायत नागरिकका निजी घर खेतहरुको संरक्षणका लागि आवश्यक तारजाली खानेपानी पाइपहरुको व्यवस्थापनका लागि आवश्यक व्यवस्था मिलाईएको छ।

३. सार्वजनिक स्थानमा वृक्षारोपण तथा वन डढेलो नियन्त्रणका कार्यक्रमहरु सचांलन गर्न र अग्नि नियन्त्रकको व्यवस्थापन तथा परिचालनका लागि आवश्यक बजेटको व्यवस्था गर्दै वर्षातका कारण अवरुद्ध हुन जाने सडकहरुको पुर्न सञ्चालनका लागि सडक सरसफाई तर्फ आवश्यक बजेको व्यवस्था गरिएको छ।

माथि उल्लेखित कार्यका लागि रु. १७ लाख रकम विनियोजन गरिएको छ।

**सूचना र संचार**

१. सञ्चार क्षेत्रमा क्रियाशील सार्वजनिक संघ–संस्थाहरुको संरचनागत एवं व्यवस्थापकीय सुधारमा सहकार्य गर्न जनतासंग प्रत्यक्ष सरोकार राख्ने, विकास र सम्बृद्धिमा टेवा पुर्याउने खालका कार्यक्रम उत्पादन प्रसारण गर्नका लागि आवश्यक बजेट ब्यवस्था गरिएको छ।

२. यस गाउँपालिका सहित गाउँपालिका भित्रका सवै सार्वजनिक संस्थाहरुमा हाई स्पिड सहितको फाइवर इन्टरनेट सेवा विस्तारको लागि आवश्यक वजेट व्यवस्था गरिएको छ।

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

३. हाम्रो पालिका डिजिटल पालिका अवधारणा अन्तरगत डिजिटल सूचना पाटी, नागरिक वडापत्रको समुचित व्यवस्थापनका लागि आवश्यक प्रवन्ध मिलाईएको छ ।

यसरी सुचना संचार क्षेत्रमा रु. ८ लाख रकम विनियोजन गरिएको छ ।

**सुशासन सेवा प्रवाह र जनशक्ती विकास**

- गाउँपालिकाका सबै कार्यालयहरु लाई इन्टरनेटका माध्यमवाट नेटवर्किङ्ग गर्दै ई–गभरनेन्स सेवा प्रारम्भ गर्न यसै वर्ष सबै वडाहरु मा इन्टरनेट जडानका कार्यहरु सम्पन्न भइसकेकोमा राजस्व असुली आन्तिरिक आम्दानीको व्यवस्थीत अभिलेखीकरण गर्न अनलाईन राजस्व अशुलीलाई कडाइका साथ लागु गर्न राजस्व मोड्युल तालिमको आवश्यक प्रवन्ध मिलाईएको छ ।
- सार्वजनिक खर्चको वित्तीय जवाफदेहिता सुनिश्चित गर्दे आन्तरीक खर्चलाई चुस्त बनाउन र कार्यालयवाट हुने सबै भुक्तानी सोझै सेवाग्राहिको बैंक खातामा जम्मा गर्ने व्यवस्था मिलाइएको छ ।
- सम्पुर्ण खरिद प्रक्रियालाई व्यवस्थित बनाउन खरिद योजना तयारी गरि विद्युतिय वोलपत्र मार्फत खरिद गर्ने कार्यलाई कडाईका साथ लागु गर्ने प्रबन्ध मिलाईएको छ ।
- आन्तरिक राजश्व अभिवृद्धिका लागि करको दायरा विस्तार एव करका विद्धमान दरलाई समय सापेक्ष बनाइ कर असुलीलाई कडाईका साथ लागु गर्न आवश्यक वजेटको व्यवस्था गरिएको छ ।

उपर्युक्त सम्बन्धमा सार्वजनिक सेवा प्रवाह र जनशक्ति विकासका सम्पूर्ण कार्यका लागि जनशक्ति व्यवस्थापन तर्फ आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

उपर्युक्त माथि उल्लेखित बजेट तथा कार्यक्रम भित्र समेटिन नसकेका आयोजना तथा कार्यक्रमहरु संचालन गर्नका लागि स्रोत अभाव हुने हुदा सरकारी तथा गैरसारकारी निकाय सँग साझेदारी एवम सहकार्य गर्न तथा ठुला आयोजनाहरु दातृ निकायको साझेदारीमा सम्पन्न गर्न रु ३ करोड ८५ लाख समपुरक कोषको बजेट व्यवस्था गरिएको छ ।

**सभाध्यक्ष ज्यू, एवम**

**गाउसभाका सदस्य ज्युहरु ,**

माथि उल्लेखित सवै कार्यक्रम तथा बजेटहरुको स्रोत अनुमानका लागि सघं तथा प्रदेश सरकारबाट अनुदान,राजश्व र गाउँपालिकाको आन्तरिक आय, मुख्य स्रोतको रुपमा रहेको कुरा जानकारी गराउन चाहन्छु ।

उल्लेखित नीति तथा कार्यक्रम ,बजेट तथा योजना सम्पन्न गर्न आ.व.२०८१।०८२ मा कुल बजेट रु. ४२ करोड ६२ लाख ७८ हजार रहेको छ । कुल आय मध्ये

आन्तरिक राजश्व रु २५ लाख ३० हजार

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रसाद अवस्थी

सघीय सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान रु.८ करोड ४२ लाख
प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान रु.७१ लाख ८५ हजार
सघीय सरकारबाट प्राप्त राजश्व बाडफाडबाट रु.९ करोड १४लाख
प्रदेश सरकारबाट प्राप्त राजश्व बाडफाडबाट रु.१५ लाख ४१ हजार
सघीय सरकारबाट प्राप्त शर्षत अनुदान रु.१६ करोड ८६ लाख ७ हजार
प्रदेश सरकारबाट प्राप्त शर्षत अनुदान रु.५३ लाख १५ हजार
सघीय सरकारबाट प्राप्त सम्पुरक अनुदान रु.२ करोड ९० लाख
सघीय सरकारबाट प्राप्त विषेश अनुदान रु.२ करोड
प्रदेश सरकारबाट प्राप्त सम्पुरक अनुदान रु. ९५ लाख
प्रदेश सरकारबाट प्राप्त विषेश अनुदान रु. ७० लाख

सक्रंलन हुन सक्ने सम्भावित आन्तरिक स्रोत,संघीय र प्रदेश सरकारबाट प्राप्त समानिकरण अनुदान, संघीय र प्रदेश सरकारबाट प्राप्त राजश्व बाडफाड रकम समेत गरि कुल बजेट रु. ४२ करोड ६२ लाख ७८ हजार रकमको यस गरिमामय सभामा योजना तथा कार्यक्रम तर्जुमा गरि पेश गरेको छु ।

आय तर्फ कुल बजेट रु. ४२ करोड ६२ लाख ७८ हजार आयको प्रक्षेपण गरिएको छ । सम्पुर्ण खर्च हुने बजेट खर्च तर्फ चालु खर्च ७ करोड ५० लाख, पुँजीगत खर्च तर्फ ११ करोड १८ लाख, समपुरक अनुदान तर्फ ३ करोड ८५ लाख तथा विषेश अनुदान तर्फ २ करोड ७० लाख एवम सर्शत कार्यक्रम तर्फ १९ करोड १९ लाख २२ हजार गरी कुल ४२ करोड ६२ लाख ७८ हजार व्यय हुने अनुमान गरिएको छ ।

अन्तमा आर्थिक वर्ष २०८१।०८२ को वजेट तथा कार्यक्रम तर्जुमा गर्न अहम भुमिका निर्वाह गर्नु हुने सभाध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, गाउँसभाका सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिकाका कर्मचारी साथीहरु राजनीतिकर्मीहरु एवम गाउँपालिका वासीहरु लगाएत सवैमा हार्दिक आभार व्यक्त गर्दै वजेटको पुर्ण सदुपयोग सहित प्रभावकारी कार्यान्वयनमा जुट्न सवै जनप्रतिनिधि,कर्मचारी,उपभोक्ता गाउँपालिका अन्तरगतका सवै कार्यालयहरु नागरिक समाज वुद्धिजिवी एंवम् समस्त नवदुर्गा वासीहरुमा अनुरोध गर्दै विदा हुन्छु ।

धन्यवाद ।

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

निर्मला कुमारी बोगटी विष्ट
उपाध्यक्ष
नवदुर्गा गाउँपालिका डडेल्धुरा
मिति २०८१ साल असार १० गते सोमवार